SITUATION REPORT OF NAUGAD RURAL MUNICIPALITY DARCHULA

# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड दार्चुला
# सुदूरपश्चिम प्रदेश नेपाल



**२०७७ अषाढ १५ र श्रावण ४ गतेको वाढी पहिरो बाट क्षति भएको क्षतिको प्रतिवेदन**

**तयार गर्ने :**

कृष्ण सिह ठगुन्ना

विपद् जोखिम न्युनिकरण तथा समन्वय अधिकृत

तथा सूचना अधिकारी


विपद् ब्यवस्थापन शाखा

**मिति २०७७ अषाढ १५ र श्रावण ४ गते गएको बाढी पहिरोका कारण क्षतिको प्रतिवेदन २०७७**




**पृष्ठभूमि :** भौगोलिक रुपले विकट वस्तीहरु रहेको र प्राकृतिक विपद्का हिराबले सदियौ देखि नै विभिन्न प्राकृतिक विपद् बाट प्रभावित हुदै आईरहेको नौगाड गाउँपालिकाको विपद्को इएतिहास हेर्दा २०२८ सालमा ठुलो वाढी पहिरो बाट क्षति पुगेको थियो त्यस पछिका वर्षहरुमा २०३५ सालमा भुकम्प तथा वाढी २०७० सालमा नौगाड र धुलिगडा नदिमा आएको बाढीबाट जनधनको क्षति देथला धुलिगडा खार दल्लेक खलंगा सडक खण्ड पुर्ण रुपमा क्षति भई पुन निर्माण गर्नु परेको थियो यस वर्ष पनि नौगाड गाउँपालिका वाढी र पहिरो बाट अछुतो रहन सकेन मिति २०७७ साल अषाढ १५ गते राती नौगाड गाउँपालिका वडा नं. ४ को होपरी सिप्टीमा रहेको विद्युतको नहर भत्किन गई २ जनाको घटना स्थलमै मृत्यु भयो भने ५ जना शख्त घाईते भए । त्यसै गरि मिति २०७७ श्रावण ४ गते राती नौगाड गाउँपालिका वडा नं. ६ को परिगाउँमा खोलामा आएको बाढीका कारण २ जनाको घटना स्थलमै मृत्यु भयो भने पशु चौपाया र जनधनको क्षति भएको छ । त्यसैगरि वडा नं. २ को गोधानी र सुण्डमुण्ड, वडा नं. ३ को खार जामीर क्षेत्रमा खोलाको वाढी, नहर भत्किएर तथा पहिरोका कारण ठुलो धनजनको क्षति भएको छ । वाढी र पहिरोका कारण आर.सि.सि. पुलहरु, विद्युत नहर, पानी घट्ट, सुधारिएको घट्ट, खानेपानी पाईपलाईन र टंकीहरु, पसल, माछा पोखरी, मकै सहितको खेत तथा आलु र पिडालु खेत वगाउदा ठुलो क्षति बेहोर्नु परेको छ । बाढीकै कारण खार, धुलिगडा, सुण्डमुण्ड स्वास्थ्य चौकीहरु उच्च जोखिममा रहेकोले अन्यत्र सारि सेवा सुचारु गरिएको छ भने एक विद्यालय भवन पुर्ण रुपमा क्षति भएको छ ।

**नौगाड गाउँपालिका, दार्चुला**






## आवश्यकता तथा अन्तराल (Needs and Gaps)

बाढी र पहिरोका कारण प्रभावित घरधुरीहरुले विपद् पश्चात विभिन्न किसिमका कठिनाईहरुको सामना गर्नु परिरहेको छ र ति आवश्यकता र Gaps हरुलाई निम्नअनुसार उल्लेख गरिएको छ।

- घरहरु पुर्ण रुपमा क्षति भएका आंसिक क्षति भएका घरधुरीहरुमा खाद्यान्नको भण्डारण छैन केहि दिनका लागि मात्रै छ जसका कारण खाद्यान्न संकट हुने निश्चित छ ।
- पुर्ण रुपमा क्षति भएका घरधुरीहरुको तत्कालिन बास स्थानको ब्यवथापन र दिर्घकालिन आवास निर्माणका लागि आवश्यक सामाग्री आर्थिक सहयोगको लागि सम्वन्धित निकायहरुले आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ ।
- बाढी पहिरो पश्चात पुर्ण तथा आंसिक रुपमा क्षति भएका खानेपानीका कारण समुदायमा पानीको अभाव छ र फोहर पानी पिउने वाध्यता रहेकोले पानी शुद्धिकरण गर्ने, क्लोरिनेशन, पियुस आदिको ब्यवस्थापनमा सहयोग गर्नु पर्ने ।
- महिला वालवालिका तथा वृद्धहरु प्रकोप पश्चातको समयमा पोषणका हिसाबले प्रभावित हुने देखिन्छ यसका लागि सम्वन्धित निकायहरुको ध्यान जान आवश्यक छ।
- घर पुर्ण रुपमा क्षति भएका घरधुरीहरुलाई खाद्यान्न सामाग्रीको साथै गैह्र खाद्य सामाग्रीहको पनि ब्यवस्थापन गर्नु पर्ने देखिन्छ।
- वाढी र पहिरोका कारण मकै खेती आलु खेती पिडालु खेती तरकारी वारीमा क्षति भई थप खाद्य संकट भएको यस अवस्थामा जीविकोपार्जन तथा आय आर्जनका क्रियाकलापहरु संचालन गर्ने आउने सिजनको विउँ विजन वितरण गर्नुपर्ने ।

## विषयगत क्षेत्र अनुसारको निष्कर्ष :

### ❑ सूचना संचार तथा समन्वय

नौगाड गाउँपालिका विपद् ब्यवस्थापन शाखा तथा प्रहरी चौकीहरुलाई वाढी पहिरो गएको स्थानहरुबाट सूचना पुग्ने वित्तिक्कै सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, गाउँपालिकाका कर्मचारीहरु, जनप्रतिनिधीहरुको बीचमा सूचना संचार र समन्वय भई उद्धार टोली तत्काल घटना स्थलमा गई खोज तथा उद्धार कार्यमा खटाउने कार्य गरियो जस अर्न्तगत मिति २०७७ असाढ १५ गते राती परेको अविरल वर्षा पछि विद्युतको नहर भत्किन गई ३ घर पुर्ण रुपमा क्षति भएको नौगाड ४ होपरीमा २ जनाको घटना स्थलमै मृत्यु भएको थियो । त्यसै गरिमिति २०७७ श्रावण ३ गते राती परेको अविरल वर्षा पछि आएको पहिरोका कारण नौगाड ६ परिगाउँमा २ जनाको घटना स्थलमै मृत्यु र १ जना सख्त घाईते भएका थिए ।

### ❑ खोज तथा उद्धार

वाढी पहिरो बाट भएको क्षतिलाई कम गर्न तथा त्रसित मानव जिवनलाई सामान्य बनाउनका लागि खोज तथा उद्धार टोली परिचालन गर्ने संयन्त्र तयार गरि सम्वन्धित वडा स्तरमा जनप्रतिनिधीहरु स्थानिय युवाहरु स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुलाई घटनाको सूचना प्राप्त हुने वित्तिक्कै घटना स्थलमा गई तत्काल खोज तथा उद्धार कार्यमा काम गरेको थियो। नौगाड गाउँपालिका भित्र रहेका सिप्टी

प्रहरी चौकी, होपरीगाड प्रहरी चौकी र दल्लेक प्रहरी चौकी बाट सुरक्षाकर्मीहरु रातीको समयमा समेत परिचालन भएको थियो र घटना स्थलमा उद्धारमा खटिएको थियो ।

### ❑ आपतकालीन आवास तथा गैह्र खाद्य सामाग्री

वाढी पहिरो बाट प्रभावित घरधुरीहरुमा विपद् पश्चात आउने खाद्यान्न संकट, सुरक्षित वास स्थान र गैह्र खाद्य सामाग्रीको व्यवस्थापनका लागि गाउँपालिकाले त्रिपाल, ओढने ओछ्याउने कपडा, तथा खाद्यान्न वितरण गरेको थियो मृतकका परिवारलाई तत्काल किरिया खर्च वाफत प्रति परिवार प्रति मृतक रु १५०००।०० पन्ध्र हजारका दरले वितरण गरिएको थियो ।

### ❑ स्वास्थ्य तथा पोषण

वाढी पहिरो पश्चात जुनसुकै स्थानमा आउने समस्या स्वास्थ्य तथा पोषणको हो विशेष गरि महिला तथा २ वर्ष मुनिका वालवालिकाहरु विपद् पश्चात प्रत्यक्ष रुपमा प्रभावित हुने र स्वास्थ्य र पोषणको समस्या हुने हुँदा यसलाई व्यवस्थित गर्नका लागि स्थानिय स्तरमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य तथा पोषणको क्षेत्रमा परिचालन गरि वालवालिका तथा महिला वृद्धहरुलाई पोषण तथा स्वास्थ्य सेवा प्रदान गर्नका लागि तयारी अवस्थामा राखिएको छ ।

### ❑ खानेपानी, सरसफाई र स्वच्छता प्रबद्धन क्षेत्र

नौगाड गाउँपालिकाका वडा नं. २,३,४ र ६ का विभिन्न स्थानमा गएको वाढी र पहिरोका कारण धेरै खानेपानी योजनाहरुमा क्षति पुगेको छ । कुनै खानेपानीको मुहान देखि पाईपलाईन र टंकीहरु पुर्ण रुपमा क्षति भएका छन भने कुनैमा आंसिक क्षति पुगेको छ । खानेपानी अवरुद्ध भए पछि वस्तीहरुमा शौचालय फोहर हुने, फोहर पानी पिउन बाध्य हुने सरसफाईमा चुनौती आएको छ यसलाई न्युनिकरण गर्नका लागि समुदायमा पानी शुद्धीकरण गर्ने टाढा बाटै भए पनि शुद्ध पानी प्रयोग गर्नका लागि समुदायलाई सहजिकरण भईहेको छ र सामान्य क्षति भएका खानेपानी योजनाहरुको मर्मत कार्य पनि शुरु गरिएको छ ।

### ❑ खाद्य सुरक्षा तथा जीविकोपार्जन

विपद् पश्चात तथा दिर्घकालिन रुपमा खाद्य सुरक्षित गर्नका लागि जिविकोपार्जनका क्रियाकलापहरुमा पिडित समुदायलाई परिचालन गर्न सकिएको छैन त्यसैगरि विपद् पश्चातको जनजिवन सामान्य बनाउनका लागि बचत गर्ने बानीको विकास अझै गर्न सकिएको छैन त्यस कारण सरोकार राख्ने निकायहरुले विपन्न तथा संकटासन्न समुदायमा बचतको सुरुवात गराउने, ब्यावसायीक हिसाबले जीविकोपार्जनका क्रियाकलापहरुलाई संचालन गर्न आवश्यक सहयोग र कार्यक्रमहरु संचालन गर्नु आवश्यक देखिन्छ ।

### ❑ आपतकालिन शिक्षा

कोभिड १९ को संक्रमण रोकथामका लागि नेपाल सरकारले गरेको लग डाउनका कारण विद्यालयहरु बन्द छन र हाल सम्म पनि संचालनमा आउन सकेका छैनन भने अर्को तर्फ वाढीले पुर्ण रुपमा क्षति पुगेको श्री समैजी आधारभूत विद्यालय परिगाउँ विद्यालयलाई संचालनमा ल्याउन थप चुनौती भएको

कारण आपतकालिन शिक्षाका गतिविधीहरु संचालन गर्न सकिएको छैन । विद्यालय तथा शिक्षकहरु बाट आपतकालिन शिक्षा प्रदान गर्नका लागि टोल तथा वस्ती स्तरमा शिक्षा सम्वन्धि क्रियाकलापहरु संचालन गर्नु पर्ने देखिन्छ ।

- **पुर्नस्थापन, पुर्ननिर्माण तथा प्रबन्धगत (Logistics) व्यवस्थापन**

वाढी पहिरोका कारण घर पुर्ण रुपमा क्षति पुगेका नौगाड गाउँपालिका वडा नं. ४ को होपरीका अमर सिह महता र जयमती महतालाई तत्काल आवश्यक टेण्ट, खाद्यान्न सामाग्रीको ब्यवस्था गरि सुरक्षित स्थानमा बस्ने प्बन्ध मिलाइएको छ । भने नौगाड गाउँपालिका वडा नं. ६ को परिगाउँ टोलमा घर पुर्ण क्षति भएका हरदेव सिह ठगुन्ना र मान सिह ठगुन्नाको परिवारलाई आफन्तहरुको घरमा राखि खाद्यान्न तथा गैर खाद्यान्न सामाग्री कपडाको ब्यवस्थापन गरिएको छ ।

## Recommendation सिफारिस

मिति २०७७ अषाढ १५ र श्रावण ३ गतेका दिन नौगाड गाउँपालिका विभिन्न वडाका विभिन्न वस्तीहरुमा वाढी पहिरो बाट २ जनाको ज्यान जाने गरि भएको घटना साथै ठुलो संख्यामा मानविय र आर्थिक क्षति भएको छ । धेरैको घर पुर्ण क्षति भएको छ, ३ वटा विद्युतहरु जेखिममा रहेका छन भने १ वटा विद्युत पुर्ण रुपमा क्षति भएको छ । पानी घट्ट, आ.सि.सि. पुलहरु, प्लाष्टिक घर, खेतवारी स्वास्थ्य संस्था, वडा नं. ६ को समैजी आ.वि.को १४ कोठे भवन खेल मैदान र तटवन्ध पुर्ण रुपमा क्षति भएको छ । यस अवस्थामा जनजिवन सामान्य अवस्थामा ल्याउन विद्यालय भवन निर्माण गर्न तथा अन्य कार्यहरु सुचारु गर्नका लागि सरोकार राख्ने विभिन्न निकायहरुलाई निम्नानुसार सिफारिस गरिन्छ ।

- क्षति भएका विभिन्न पूर्वाधारहरु संचालन गर्नका लागि आवश्यक पुर्ननिर्माण का लागि बजेटको ब्यवस्था गर्ने ।
- खानेपानी तथा स्वास्थ्यका क्षेत्रमा कार्यरत संघ संस्था कार्यालयहरुले विपद् पश्चात हुन सक्ने महामारी जस्ता रोगहरु नियन्तत्रणका लागि आवश्यक पहल गर्ने ।
- बाढी पहिरो बाट घर गुमाएका खाद्यान्न सामाग्री गुमाएका र खाद्य संकटमा परेका घर परिवारका लागि खाद्यान्नको ब्यवस्थापनमा सहयोग गर्ने ।
- घर पुर्ण रुपमा क्षति भएका तथा विद्यालय भवन, स्वास्थ्य चौकी भवन पुर्ननिर्माणका लागि आवश्यक बजेटको ब्यवस्थापनमा सहयोग गर्ने ।
- गाउँपालिका स्तरीय पुर्व सूचना प्रणाली स्थापना गर्न आवश्यक पहल गर्ने र मनसुन तथा बाढीको पुर्व सूचना प्रवाह एस एम एस प्रणालीको विकास गर्ने ।
- विपद् क्षेत्र पहिचान गर्ने, स्थानिय विपद् ब्यवस्थापन समिति र वस्ती स्तरमा विपद् सम्वन्धि क्षमता अभिवृद्धि जस्तका कार्यक्रमहरु संचालन गर्ने ।

# SITUATION REPORT OF NAUGAD RURAL MUNICIPALITY DARCHULA

अनुसूचि :

## Human being death case - मानविय क्षति विवरण :

| वडा नं. | मृत्यु भएको | सख्त घाईते | सामान्य सामान्य घाईते | उमेर समुह | जम्मा मृतक सख्या |
|---|---|---|---|---|---|
| २ | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० |
| ४ | २ | १ | ४ | ४-२३ | २ |
| ६ | २ | १ | ० | ५-४२ | २ |
| जम्मा : | ४ | १ | ४ | | ४ |

## Data on Housing Damaging - घर, क्षति विवरण :

| वडा नं. | पुर्ण क्षति भएको घर संख्या | आंसिक क्षति भएको घर संख्या | सामान्य क्षति भएको घर संख्या | कुल प्रभावित घर संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | २ | ५ | १० | १७ | ३५,०००००।०० |
| ३ | १ | ० | ० | ० | ५,०००००।०० |
| ४ | ३ | ७ | ५ | १५ | ४०,०००००।०० |
| ६ | १० | ० | ० | १० | ४०,०००००।०० |
| जम्मा : | १६ | १२ | १५ | ४२ | १,२०,०००००।०० |

## Data on Housing Damaging - विद्यालय क्षति विवरण :

| वडा नं. | पुर्ण क्षति भएको घर संख्या | आंसिक क्षति भएको घर संख्या | सामान्य क्षति भएको घर संख्या | कुल प्रभावित घर संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| ६ | १ | ० | ० | १ | ६०,०००००।०० |
| जम्मा : | १ | १ | १ | १ | ६०,०००००।०० |

## Health Institution Damaging - स्वास्थ्य संस्था क्षति विवरण

नौगाड गाउँपालिका वडा नं. ३ को खार स्वास्थ्य चौकी जोखिममा रहेको छ त्यसै गरि नौगाड २ को सुण्डमुण्ड स्वास्थ्य ईकाईमा तल र माथी दुवै तिर बाट पहिरो गई उच्च जोखिममा रहेकोले स्वास्थ्य सेवा अर्के स्थान बाट संचालन गरिएको छ भने वडा नं. ६ को धुलिगडा स्वास्थ्य चौकीको भवन खोलाले कटान गरि वस्न लायक नभए पछि छात्राबास भवन बाट स्वास्थ्य सेवा सुचारु गरिएको छ ।

# SITUATION REPORT OF NAUGAD RURAL MUNICIPALITY DARCHULA

| वडा नं. | पुर्ण क्षति भएको स्वास्थ्य संस्था संख्या | आंसिक क्षति भएको स्वास्थ्य संस्था संख्या | सामान्य क्षति तथा उच्च जोखिममा भएको स्वास्थ्य संस्था संख्या | कुल प्रभावित स्वास्थ्य संस्थासंख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | ० | १ | ० | १ | १००००००।०० |
| ३ | ० | ० | १ | १ | ० |
| ४ | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | १ | १ | ० |
| **जम्मा :** | **०** | **१** | **१** | **३** | **१००००००।००** |

## Micro Hydro Damaging – लघु जलविद्युत क्षति विवरण

- मिति २०७७ अषाढ १५ गतेको पहिरोका कारण नौगाड ४ होपरीमा रहेको विद्युतको नहर भत्किई विद्युत अवरुद्ध भएको छ ।
- मिति २०७७ श्रावण ३ गतेको वाढी र पहिरोका कारण नौगाड गाउँपालिका वडा नं. ३ को खारखोला लघुजलविद्युतको नहर र विद्यत गृह उच्च जोखिममा रहेको छ ।
- मिति २०७७ श्रावण ३ गतेको वाढी र पहिरोका कारण नौगाड गाउँपालिका वडा नं. ६ को परिखोलामा रहेका लघुजलविद्युतको नहर, १००० मीटर विद्युत लाईन र विद्यत गृह उच्च जोखिममा रहेको छ ।

| वडा नं. | पुर्ण क्षति भएको जलविद्युत संख्या | आंसिक क्षति भएको जलविद्युत संख्या | सामान्य क्षति भएको जलविद्युत संख्या | कुल प्रभावित जलविद्युत संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | ० | ० | ० | ० | ० |
| ३ | ० | १ | ० | १ | ८,०००००।०० |
| ४ | ० | १ | ० | १ | १५,०००००।०० |
| ६ | १ | १ | ० | १ | १०,०००००।०० |
| **जम्मा :** | **१** | **३** | | **३** | **३३,०००००।००** |

## Drinking water Damaging – खानेपानी योजनाहरुमा क्षति विवरण

- मिति २०७७ साल अषाढ १५ गतेको पहिरोका कारण नौगाड गाउँपालिका वडा नं. ४ को होपरी टोलमा खानेपानीको पाईपलाईन मा क्षति पुगेको छ ।
- त्यसै गरि वडा नं. ३ को चिनाडखोला खानेपानी योजनाको टंकी र पाईपलाईन पुर्ण रुपमा क्षति भएको छ ।

# SITUATION REPORT OF NAUGAD RURAL MUNICIPALITY DARCHULA

- नौगाड गाउँपालिका वडा नं. २ को दल्लेकमा भरखरै निर्माण कार्य सम्पन्न भएको गुदगुदे खानेपानीको टंकी र पाईपलाईन पुर्ण क्षति पुगेको छ ।
- नौगाड गाउँपालिका वडा नं. २को दल्लेकमा वृहत खानेपानी योजनाको टंकी र पाईपलाईन पुर्ण रुपमा क्षति भएको छ ।
- नौगाड गाउँपालिका वडा नं. ६ को परिगाउँ टोलमा खानेपानी योजनाको ईन्टेक, टंकी र पाईपलाईन पुर्ण रुपमा क्षति भई खानेपानीको समस्या रहेको छ ।

| वडा नं. | पुर्ण क्षति भएको खानेपानी योजना संख्या | आंसिक क्षति भएको खानेपानी योजना संख्या | सामान्य क्षति भएको खानेपानी योजनासंख्या | कुल प्रभावित खानेपानी योजना संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | ० | २ | ० | २ | २५,०००००।०० |
| ३ | १ | ० | ० | १ | १०,०००००।०० |
| ४ | १ | ० | ० | १ | ८,०००००।०० |
| ६ | १ | ० | ० | १ | २०,०००००।०० |
| जम्मा : | | | | | ६३,०००००।०० |

## Poly House – प्लाष्टिक घरहरुमा क्षति विवरण

| वडा नं. | पुर्ण क्षति भएको प्लाष्टिक घर संख्या | आंसिक क्षति भएको प्लाष्टिक घर संख्या | सामान्य क्षति भएको प्लाष्टिक घर संख्या | कुल प्रभावित प्लाष्टिक घर संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | ७ | ५ | ० | १२ | २००००००।०० |
| ३ | ३ | २ | ० | ५ | १५०००००।०० |
| ४ | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० |
| जम्मा : | | | | | ३५०,०००००।०० |

## RCC Bridge – आर.सि.सि. तथा काठे पुलहरुमा क्षति विवरण

| वडा नं. | पुर्ण क्षति भएको पुल संख्या | आंसिक क्षति भएको पुल संख्या | सामान्य क्षति भएको पुल संख्या | कुल प्रभावित पुल संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | ७ | २ | ० | ९ | ३५,०००००।०० |
| ३ | ७ | २ | ० | ९ | ३०,०००००।०० |
| ४ | ० | ० | ० | ० | ० |
| ६ | ६ | ० | ० | ६ | १०,०००००।०० |
| जम्मा : | २० | २ | | २४ | ७५,०००००।०० |

# SITUATION REPORT OF NAUGAD RURAL MUNICIPALITY DARCHULA

## Food item – खाद्यान्न क्षति विवरण

| वडा नं. | क्षति भएको खाद्यान्न विवरण | क्षति भएको खाद्यान्न परिमाण | खाद्यान्न संकटमा परेका घरधुरी संख्या | कुल प्रभावित घर संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | मकै, गहु चामल | १५ क्वीन्टल | ४ | ४ | ३,०००००।०० |
| ३ | मकै र पिठो | ५ क्वीन्टल मकै | २ | २ | १५०००।०० |
| ४ | मकै, गहु चामल | १० क्वीन्टल | ३ | ३ | २५०,०००।०० |
| ६ | मकै, गहु चामल | ५० क्वीन्टल | १० | १० | ७५०,०००००।०० |
| **जम्मा :** | | | | | **१३,१५०००** |

## Water mill – पानी घट्ट क्षति विवरण

| वडा नं. | क्षति भएको पानी घट्ट विवरण | उच्च जोखिममा भएको घट्ट परिमाण | कम जोखिममा भएको घट्ट परिमाण | कुल प्रभावित घर संख्या | अनुमानित क्षति रकममा |
|---|---|---|---|---|---|
| २ | ६ | २ | ० | ४५० | ४०००००।०० |
| ३ | १२ | ५ | १० | १२५० | ८,५००००।०० |
| ४ | ० | ० | ० | ० | ० |
| ६ | ९ | ० | ० | ३५० | ४५०००००,०० |
| **जम्मा :** | **२७** | **७** | **१०** | **२०५०** | **१७००००००।००** |

SITUATION REPORT OF NAUGAD RURAL MUNICIPALITY DARCHULA

**सामुदायिक स्वास्थ्य ईकाई केन्द्र वडा नं. २ सुण्डमुण्ड फोटो** : जानकी विष्ट सामाजिक परिचालक नौगाड गा.पा. २








नौगाड ६ परिगाउँ स्थित समैजी आ.वि को वाढी अघि र वाढी पछिको अवस्था



नौगाड गाउँपालिका वडा नं. ६ परिगाउँमा गएको पहिरोमा परि मृत्यु भएकी, वर्ष ५ की आरती ठगुन्ना फोटोः वसन्त ठगुन्ना



वाढी पछि क्षत विक्षत समैजि आ.वि. नौगाड, ६ पर्रिगाउँ



पहिरोमा परि क्षति भएको नौगाड वडा नं. २ गोधानी स्थित अंगवीर सिह ठगुन्नाको घर



वाढीमा परि मरेका पशु चौपायाहरुलाई खाडलमा पुर्ने काम